स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कसरी चर्चामा आउनुपर्छ भन्ने कुरा प्रियंका कार्कीलाई राम्रोसँग थाहा छ। उनी अभिनेत्री तथ मोडल मात्र होइनन्, सोसल मिडियाकी चर्चित 'कन्टेन्ट क्रिएटर' पनि हुन्। उनी सोसल मिडियामा दैनिक फोटोहरू पोस्ट गरिरहेकी हुन्छिन्। घुमघाम, मोडलिङ, परिवार र अन्य कामका फोटो उनी हालिरहेकी हुन्छिन्। कहिलेकाहिँ अजीव लाग्ने फोटो पनि उनको टाइमलाइनमा देख्न सकिन्छ। कसरी मानिसको ध्यान तान्ने यो काइदा उनलाई राम्रोसँग थाहा छ।

**आजको विचार...**



आयुष बडाल

समय...
*(दुई पेजमा)*



अभिनेत्री ऋचा शर्माले रास्वपाका सांसद सुदन गुरुङलाई तलब खान सुझाएकी छन्। उनले सामाजिक सञ्जालमा एक पोस्ट गर्दै तलब खान र घुस नखान सुझाएकी हुन्। उनले लेखेकी छन्, 'तलब त खाऊ न हौ खाऊ ! घुस पो नखाऊ ! ठेक्का प ा पो नगर ! खाने मात्र हैन मस्तै बजाइदेऊ तलब र सुविधा पाउने जति, हक हो हकको खाऊ। राज्यलाई 'पाप' लागि हाल्छ नि यसरी आफ्नो देशको नागरिकलाई फ्रिमा काम लगाउँदा !'

❒ वर्ष ३१ ❒ अंक २३० ❒ २०८२ चैत ५ गते बिहीबार 19 March 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा डेंगी र जापानिज इन्सेफलाइटिस रोक्न सतर्कता

## नियन्त्रणबारे सरोकारवाला निकायसँग छलफल

कृष्ण पोखरेल

**पाल्पा,** चैत ४/गर्मी मौसम सुरु भएको छ । गर्मीयाम सुरुसँगै डेंगी र इन्सेफलाइटिसका बिरामी बढ्न थालेका छन् । सामान्यतया यस्ता संक्रमण अन्य मौसमको तुलनामा गर्मीयाममा बढी देखिने गर्दछन् । समयमै रोकथाम तथा नियन्त्रण गर्न सकिएन भने लामखुट्टेबाट सर्ने सरुवा रोगको जोखिम बढ्दै जान्छ । जोखिम बढ्दै जान सक्ने तर्फ ध्यान दिर्दै जिल्ला स्वास्थ्य कार्यालय पाल्पाले भने उच्च सतर्कता अपनाएको छ । उसले जिल्लाका सरोकारवाला निकायहरुसँग बसेर जोखिम नियन्त्रणका लागि छलफल तथा पैरवी गरेको छ ।

सचेतता नअपनाएको खण्डमा जटिल अवस्था निम्तिन सक्ने भन्दै उसले डेंगी र इन्सेफलाइटिस रोगका बारेमा सरोकारवालाहरुलाई सचेत गराएको हो । बुधबार तानसेनमा रोग लाग्ने अवस्था, लक्षण, उपचार तथा रोकथामका उपायबारे छलफल गरिएको छ । कार्यक्रममा



स्वास्थ्य कार्यालयका बरिष्ठ ल्याव टेक्निसियन मधुसुधन भट्टराईले डेंगी रोगको प्रकृति, संक्रमण हुने तरिका र जोखिमबारे जानकारी गराए । डेंगी मुख्यत: एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने र जुन सफा पानी जमेको स्थानमा बढी फैलिने भट्टराईले बताए । उनले डेंगी लागिसकेपछि उच्च ज्वरो आउने, टाउको दुख्ने, आँखाको पछाडी दुखाइ, शरीर दुख्ने तथा केही अवस्थामा रगत बग्ने जस्ता गम्भीर लक्षण देखिन सक्ने बताए । समयमै उपचार नभए ज्यान जोखिममा पर्न सक्ने भएकाले लक्षण देखिएपछि तुरुन्त स्वास्थ्य संस्थामा जान ल्याव अधिकृत भट्टराईले आग्रह गरे । विगत ४ बर्षको अवधिमा पाल्पामा एक हजार ३ सय २७ जनामा डेंगी सक्रमण भएको र ५ जनाको मृत्यु भएको उनले बताए । यसको नियन्त्रण गर्न सबैभन्दा प्रभावकारी उपाय खोज र नष्ट गर नै रहेको भट्टराईले बताए । कार्यक्रम अधिकृत विश्वनाथ न्यौपानेले जापानिज इन्सेफलाइटिसबारे जानकारी गराउँदै यो रोग पनि लामखुट्टेको टोकाइबाट सर्ने र विशेषगरी धानखेती हुने क्षेत्र तथा खेतिपाती हुने स्थानका मानिसहरू बढी जोखिम रहेको बताए । घरपालुवा जनावर सुगुर, वंगुर, हाँस, बकुल्ला लगायतका जनावरमा हुने जापानिज इन्सेफलाईटि भाईरस लामखुट्टेको टोकाइबाट मानिस सर्ने गर्दछ । यो रोगले मस्तिष्कमा असर गर्ने भएकाले ज्वरोसँगै टाउको दुख्ने, बान्ता हुने, बेहोस हुने तथा स्नायु प्रणालीमा समस्या देखिने जस्ता लक्षणहरू देखा पर्न सक्ने र समयमै उपचार नपाएमा अपाङ्गता वा मृत्यु समेत हुन सक्ने भएकाले यसको रोकथाममा विशेष ध्यान दिन आवश्यक रहेको उनको भनाई छ । अहिले नेपालका ६० जिल्लामा यो रोग फैलिएको छ । पाल्पामा हाल ४ जनामा यो रोग देखिएको छ भने सन २०२२ मा एक जनाको मृत्यु समेत भएको थियो । सन् २०१६ देखी नेपाल सरकारले यो रोगबाट बच्न जन्मेको एक बर्षमा नि:शुल्क खोप सेवा दिदै आएको छ । सन २०१६ भन्दा पहिले जन्मिएका व्यक्तिहरुमा जापानिज इन्सेफलाईटिस सक्रमणको दर उच्च रहेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

## सङ्क्षिप्त समाचार

### द्वन्द्वका कारण विस्थापन र भोकमरी बढ्दै

(रासस/सिन्ह्वा)

**न्यूयोर्क,** चैत ४/मध्यपूर्वमा बढ्दो द्वन्द्वका कारण विश्वभरि भोकमरीको समस्या झन् गम्भीर बन्ने जोखिम रहेको संयुक्त राष्ट्रसंघले चेतावनी दिएको छ । संयुक्त राष्ट्रसंघअन्तर्गत विश्व खाद्य कार्यक्रमले सन् २०२६ सम्म विश्वमा तीव्र खाद्य अभाव झेल्ने मानिसहरूको सङ्ख्या नयाँ रेकर्डमा पुग्न सक्ने जनाएको छ । द्वन्द्व लम्बिँदै गएमा थप करिब ४ करोड ५० लाख मानिस खाद्य असुरक्षामा पर्न सक्ने अनुमान गरिएको छ । विशेषज्ञहरूका अनुसार होर्मुज जलडमरुमा अवरोध सिर्जना हुँदा तेल ढुवानी मात्र होइन, मल बोकेका जहाजहरूको आवतजावत पनि प्रभावित भएको छ, जसले खाद्य उत्पादनमा प्रत्यक्ष असर पारिरहेको छ । संयुक्त राष्ट्रसंघले प्रभावित क्षेत्रमा खाद्यान्न, पानी, आश्रय तथा स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयास तीव्र बनाएको जनाएको छ । लेबनानमा लाखौं मानिसलाई तातो खाना, अत्यावश्यक सामग्री र सफा पानी वितरण गरिएको छ । यसैबीच, विस्थापनका कारण १० लाखभन्दा बढी मानिस घर छाड्न बाध्य भएका छन्, जसमा करिब ३ लाख बालबालिका रहेका छन् । धेरैजसो प्रभावितहरू सार्वजनिक आश्रयस्थल बाहिर नै बस्न बाध्य छन् । संयुक्त राष्ट्रसंघले द्वन्द्वरत पक्षहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न र सर्वसाधारण नागरिक तथा सहयोगकर्मीहरूको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको छ ।

## सवारी दुर्घटनामा दुई जनाको मृत्यु



**गुल्मी,** चैत ४/गुल्मी र दाङमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार दाङमा मोटरसाइकल र गुल्मीका ट्याक्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको हो ।

दाङको देउखुरीमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । गढवा इलाका प्रहरी कार्यालयकाका अनुसार ट्याक्टरसँग मोटरसाइकल ठोक्किँदा त्यसका चालक गढवा गाउँपालिका-५ बाकीका ३६ वर्षीय भानु रिजालको मृत्यु भएको हो । ट्याक्टर र त्यसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै ट्याक्टरको ठक्करबाट गुल्मीको मदाने गाउँपालिकाका एक जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक गङ्गाबहादुर सारुका अनुसार मदाने गाउँपालिका-१ अग्लुङ फेदीका ३५ वर्षीय सालिकराम चन्दको मृत्यु भएको हो । गम्भीर घाइते भएका उनको तम्घास अस्पतालमा मृत्यु भएको हो । दुर्घटनामा संलग्न ट्याक्टर र त्यसका चालक प्रहरीले नियन्त्रणमा लिएको छ ।

## आज तेल लगाउने र नीमको पात खाने दिन

**पाल्पा,** फागुन ४/आज परेको तेल लगाउने र निमको पात खाने दिन हो । पुरातन सामाजिक मूल्य मान्यताका अनुसार एक संवतलाई बिदा गरी अर्को संवतलाई स्वागत गर्नुपूर्व शरिरमा तेल लगाएर निमका पात चपाउने प्रचलन रहेको छ ।

शरिर, कपाल आदि स्थानमा तेल लगाउँदा चोखो भइने जनविश्वास नेपाली समाजमा कायमै छ ।"निम छालासम्बन्धी रोग मात्र नभई भित्री शरीरका विभिन्न अंगहरु जस्तै मृगौला,मुटु,रगत लगायतलाई स्वस्थ राख्न सघाउ पुर्‍याउने बुटी भएको बताइएको छ । तेल लगाउँदा मानव शरीरको बाहिरी भाग स्वस्थ रहने प्रमाणित समेत भएको छ । विगतका वर्ष जे जसरी बितेपनि नयाँ वर्ष स्वास्थ्य र सुखद तरिकाले बितोस् भनेर तेल लगाइने जानकारहरु



बताउँछन् । यता, नयाँ वर्षलाई स्वागत गर्न निमपत्ता चपाउनुका पनि धार्मिक र वैज्ञानिक दुवै कारण रहेका छन् । निमका पात चपाएर विगतका तीता पल बिर्सने र आगामी दिनमा मिठास् ल्याउने पुरातन मान्यता छ । आजका दिन निमका पात चपाएसङ्गै पुराना कमिकमजोरी तीतो पनका रुपमा निलिने जनविश्वास छ । नीमलाई तीतो अमृतका रूपमा चिनिन्छ । नीम प्राचिनकालदेखि नै एउटा आयुर्वेदिक औषधिका रूपमा प्रयोग हुँदै आइरहेको छ । यो स्वास्थ्यको लागि धेरै किसिमले फाइदाजनक छ । नीम, हाम्रो शरीर, छाला तथा कपालका लागि अत्यन्तै फाइदाजनक औषधि हो । नीमको जुसले अनुहार तथा शरीरको छालाको रङ्ग निखार्नमा विशेष भूमिका खेल्दछ । नीमको पातहरूको रस र सुद्ध महलाई दुई भाग नीमको रस र एक भाग मह अनुपातमा मिलाएर पिउनाले असाध्यै फाइदा गर्दछ । यसरी नीमको पात चपाउने र तेल लगाउने गर्दा हाम्रो शरीरको भित्री र बाहिरी दुवै तर्फ स्वास्थ्यकर हुने जनविश्वास र प्रमाणित मान्यता छ । पौराणिक कालदेखि नै नीमको रुख, यसको फाइदा अनि यस्का बहु प्रयोगका अनेक किस्सा र आयुर्वेदीय दृष्टान्तहरू पाइन्छ । नीमको पात खानाले पेटका रोगहरू हरण हुने र तेल लगाउनाले शरीर थप मजबुत हुने र मुलायम हुने विश्वास छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

## सम्पादकीय

# नीमको बहुउपयोगीता

नीम आयुर्वेदमा प्रयोग हुने महत्वपूर्ण औषधीय वनस्पति हो, जसले स्वास्थ्यका लागि विभिन्न प्रकारका लाभ प्रदान गर्दछ । नीम मानव शरीर, छाला तथा कपालका लागि अत्यन्त उपयोगी मानिन्छ । यद्यपि यसको स्वाद तितो हुने भएकाले धेरै मानिसले यसको प्रत्यक्ष सेवन गर्न रुचाउँदैनन् । तर नीमको रस सेवन गर्न अपेक्षाकृत सजिलो हुने भएकाले त्यसमार्फत यसमा पाइने औषधीय गुणहरूको लाभ लिन सकिन्छ ।

नयाँ वर्ष सुरु हुन अगावै विगतका वर्षको तितोपनालाई चपाएर आउँदो वर्षको मिठासको पर्खाईलाई नीमको पात खाने चलनले बिम्बका रूपमा बुझाउँछ । आज त्यही नीमको पात खाने दिन पनि हो । आयुर्वेदमा नीमलाई विभिन्न रोगनाशक अत्यन्त गुणकारी औषधि मानिएको छ । नीमलाई 'औषधि बनाउने रुख'को संज्ञासमेत दिइन्छ । यो एन्टिसेप्टिक, एन्टिबायोटिक, पीडानाशक, कृमिनाशक, जीवाणुरोधी, फंगलविरोधी, चर्मरोगनाशक हुन्छ । यसका विभिन्न भागमा १ सय ४० भन्दा बढी यौगिक पाइन्छ । यसको पात, फूल, बीउ, जरा औषधीय गुणले भरपूर हुन्छन् । नीमले रोगप्रतिरोधी शक्ति बढाई सुन्नाइ कम गरेर, मुक्त कणलाई हटाएर, हार्मोनले गतिविधिलाई रोकेर र कोषिका विभाजनमा बाधा उत्पन्न गरेर क्यान्सरको उपचारमा सघाउछ । यस्तै एउटा अर्को यसमा औलोविरुद्धको गुण हुन्छ । यसको पातले औलोविरुद्ध लड्न सघाउँछ । अनुहारमा बारम्बार डन्डीफोर वा ब्ल्याकहेड हुँदा नीमको पातको प्रयोग गरे आराम मिल्छ । निमको पानीले अनुहार धुँदा यो समस्या कम हुन्छ । नीमले पसिनाको दुर्गन्ध समेत हटाउछ । शरीरको ओसिलो भागमा ब्याक्टेरिया उत्पन्न हुनाले दुर्गन्ध हुन्छ । यस्तोमा नीमको पानीले शरीर पखाल्ने वा पुछपाछ गर्ने गरे यस्तो समस्या हट्छ । यसका थुप्रै फाइदाहरु छन् । नीमलाई सहि रुपमा पहिचान गरी उपयोग गर्न सके स्वास्थ्यलाई धेरै हद स्वस्थ राख्न सकिन्छ ।

## Opinion @ Social Network

ईज्जत दिन चाहनेले एकान्तमा सुझाव दिन्छ बेइज्जत गर्न चाहनेले समुहमा सुझाव दिएर महान बन्न खोज्छन् ।
*(सुन्दर गुरुङको फेसबुक स्टाटसबाट www.facebook.com/Sundar.Gurun)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समय बदलिँदा राजनीतिक दल पनि बदलिनुपर्छ



## आयुष बडाल

*विद्यार्थी सङ्गठन, युवा आन्दोलन, मजदुर सङ्गठन र किसान आन्दोलनमार्फत एमालेले समाजको आधारभूत तहसम्म आफ्नो प्रभाव विस्तार गरेको थियो । नेपालको राजनीतिक इतिहासमा एमालेले खेलेका केही महत्त्वपूर्ण भूमिकाहरू उल्लेखनीय छन् । यो दलले लोकतान्त्रिक आन्दोलनमा अग्रणी भूमिका खेलेको छ । जनताको बहुदलीय जनवादको वैचारिक स्थापना गरी संविधान निर्माण प्रक्रियामा सक्रिय भूमिका खेल्नुका साथै राष्ट्रिय स्वाभिमानको मुद्दामा स्पष्ट अडान लिएको थियो ।*

नेपालको आधुनिक राजनीतिक इतिहासलाई गहिराइमा विश्लेषण गर्ने हो भने कुनै समय राजनीतिक दल जनताका आशा, आकाङ्ख्या र विश्वासको केन्द्रमा थिए । गाउँदेखि सहरसम्म, विद्यार्थी आन्दोलनदेखि किसान आन्दोलनसम्म, संसद्देखि सडकसम्मको राजनीतिक शक्ति र वैचारिक नेतृत्व तिनै दलहरूको हातमा थियो । त्यतिबेला राजनीति केवल सत्ताको खेल मात्र थिएन । त्यो आन्दोलन, विचार, बलिदान र सङ्गठनको संयोजन थियो । हजारौँ कार्यकर्ताहरूले जेल, यातना र सैर्षको बाटो पार गर्दै लोकतन्त्रका लागि लडेका थिए । यही सैर्षले नेपालमा बहुदलीय लोकतन्त्रको आधार निर्माण गर्‍यो र पुराना दलहरूलाई जनताको मनमा गहिरो स्थान दिलायो । यी दलहरूमध्ये नेकपा एमालेको राजनीतिक यात्रा विशेष रूपमा उल्लेखनीय छ । पञ्चायती व्यवस्थाविरुद्धको सैर्षदेखि जनआन्दोलन, संविधान निर्माण र सैंय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकाससम्म एमालेले नेपालको राजनीतिक इतिहासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । जनताको बहुदलीय जनवादको वैचारिक आधारमा सङ्गठित हुँदै एमालेले आफूलाई केवल एउटा दल मात्र होइन, एक वैचारिक आन्दोलनका रूपमा स्थापित गरेको थियो । यही कारणले एक समय एमाले देशकै सबैभन्दा शक्तिशाली राजनीतिक शक्तिहरूमध्ये एक बन्न सफल भयो । तर इतिहासले एउटा कुरा सधैँ प्रमाणित गरेको छ, कुनै पनि शक्ति स्थायी हुँदैन ।

अर्थशास्त्र, व्यवस्थापन र समाजशास्त्रमा एउटा सिद्धान्त छ- जीवनचक्रको सिद्धान्त । यस सिद्धान्तअनुसार हरेक संस्था, विचार वा उत्पादनले चार चरण पार गर्छ: जन्म, विस्तार, परिपक्वता र अन्तत: अवनति । राजनीतिक दलहरू पनि यस नियमबाट मुक्त हुँदैनन् । कुनै दल आन्दोलनबाट जन्मन्छ, सङ्गठन विस्तार गरेर बलियो बन्छ, सत्तामा पुगेर परिपक्व हुन्छ, तर यदि समयअनुसार परिवर्तन गर्न सकेन भने क्रमश: कमजोर बन्दै जान्छ । आज नेपालको राजनीतिक परिदृश्य हेर्दा यस्तै प्रश्नहरू उठिरहेका छन् । हिजो अत्यन्त शक्तिशाली देखिएका दलहरू अहिले जनविश्वासको परीक्षणको चरणमा पुगेका छन् । नेकपा एमालेकै कुरा गर्दा यो दल केवल चुनावी राजनीतिमा सीमित थिएनह यो आन्दोलन, सङ्गठन र विचारको त्रिकोणमा आधारित राजनीतिक शक्ति थियो । विद्यार्थी सङ्गठन, युवा आन्दोलन, मजदुर सङ्गठन र किसान आन्दोलनमार्फत एमालेले समाजको आधारभूत तहसम्म आफ्नो प्रभाव विस्तार गरेको थियो । नेपालको राजनीतिक इतिहासमा एमालेले खेलेका केही महत्त्वपूर्ण भूमिकाहरू उल्लेखनीय छन् । यो दलले लोकतान्त्रिक आन्दोलनमा अग्रणी भूमिका खेलेको छ । जनताको बहुदलीय जनवादको वैचारिक स्थापना गरी संविधान निर्माण प्रक्रियामा सक्रिय भूमिका खेल्नुका साथै राष्ट्रिय स्वाभिमानको मुद्दामा स्पष्ट अडान लिएको थियो । सामाजिक सुरक्षा र विकासको एजेन्डामा जोड दिने पार्टी नै नेकपा एमाले हो । यी सबै कारणले एमाले लामो समयसम्म जनताको भरोसाको दलको रूपमा स्थापित रह्यो । पछिल्लो दशकमा एमालेको राजनीतिक यात्रामा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको भूमिका अत्यन्त प्रभावशाली रह्यो । उहाँको नेतृत्वमा एमालेले राष्ट्रिय राजनीतिमा शक्तिशाली उपस्थिति बनायो । विशेषगरी राष्ट्रियताको सवालमा उहाँले देखाएको दृढ अडानले व्यापक जनसमर्थन प्राप्त गर्‍यो । नेपालको नयाँ राजनीतिक नक्सा जारी गर्ने ऐतिहासिक निर्णय, छिमेकी राष्ट्रहरूसँग समानताको आधारमा संवाद गर्ने प्रयास, सामाजिक सुरक्षा कार्यक्रम विस्तार, वृद्धभत्तालगायतका सामाजिक संरक्षण योजनालाई सुदृढ गर्ने पहल तथा पूर्वाधार विकासमा जोड दिने नीतिले उहाँको नेतृत्वलाई प्रभावशाली बनाएका छन् । त्यस्तै, राजनीतिक अस्थिरताबीच पनि सरकार सञ्चालन गर्ने क्षमता, राष्ट्रिय स्वाभिमानको पक्षमा स्पष्ट आवाज उठाउने साहस र विकासको एजेन्डालाई केन्द्रमा राख्ने प्रयासहरू पनि उल्लेखनीय छन् । त्यसैले निष्पक्ष विश्लेषण गर्दा केपी ओलीको योगदानलाई इतिहासले अवश्य मूल्याङ्कन गर्नेछ । यद्यपि राजनीति केवल उपलब्धि र लोकप्रियताको कथा मात्र होइन । राजनीतिमा अर्को महत्त्वपूर्ण पक्ष हुन्छ । त्यो भनेको समयको मागअनुसार नेतृत्व परिवर्तन गर्ने क्षमता पनि हो । लोकतान्त्रिक संस्थाहरूको दीर्घकालीन स्थायित्वका लागि नेतृत्वको पुस्तान्तरण अत्यन्त आवश्यक हुन्छ । नयाँ पुस्तालाई अवसर दिनु, सङ्गठनलाई पुनर्संरचना गर्नु र ऊर्जा थप्नु राजनीतिक दलहरूको जीवन्तताको आधार हो । यदि नेतृत्व धेरै लामो समयसम्म एउटै संरचनामा केन्द्रित रह्यो भने सङ्गठनमा नयाँ सोच र ऊर्जा प्रवेश गर्न कठिन हुन्छ । नेपाली कम्युनिस्ट आन्दोलनमा नेतृत्वको उत्तरदायित्व देखाउने एउटा महत्त्वपूर्ण उदाहरण विगतमा देखिएको थियो । तत्कालीन एमाले महासचिव माधवकुमार नेपालले पार्टी निर्वाचनमा अपेक्षित परिणाम नआएपछि नैतिक जिम्मेवारी स्वीकार गर्दै पदबाट राजीनामा दिएका थिए । तर यसो भन्दै गर्दा कम्युनिस्ट आन्दोलन आज जुन विचलित र विभाजित अवस्थामा पुगेको छ, त्यसमा माधव नेपाल स्वयंको राजनीतिक भूमिकाको पनि उल्लेखनीय जिम्मेवारी रहेको छ भन्ने यथार्थलाई पनि बेवास्ता गर्न सकिँदैन । त्यो चाहे पार्टीभित्र लामो समयसम्म गुट-उपगुटको राजनीतिलाई संस्थागत बनाउने प्रवृत्ति होस् वा पछि शक्तिशाली कम्युनिस्ट एकतालाई विघटनतर्फ धकेल्ने राजनीतिक निर्णयहरू, यी घटनाहरूले आन्दोलनलाई कमजोर बनाएको तथ्य इतिहासबाट लुकाउन सकिँदैन । तर ती सबैका बाबजुद पनि, पार्टी कमजोर बनेको बेला उनले देखाएको नैतिक जिम्मेवारी स्वीकार गर्ने निर्णय राजनीतिक संस्कार र उत्तरदायित्वको एउटा महत्त्वपूर्ण उदाहरण थियो । त्यस घटनाले नेतृत्व केवल पद, शक्ति र प्रभावको प्रश्न मात्र होइनह नेतृत्व भनेको परिणामप्रति जवाफदेही हुने साहस पनि हो भन्ने देखायो । नेकपा एमालेको पछिल्लो महाधिवेशनको सन्दर्भमा पनि यस्तै बहस उठेको थियो । धेरै राजनीतिक विश्लेषकहरू र पार्टीभित्रका केही आवाजहरूले यदि केपी शर्मा ओलीले स्वेच्छाले नेतृत्व हस्तान्तरण गर्दै नयाँ पुस्तालाई अवसर दिएका भए, त्यो एमालेका लागि ऐतिहासिक मोड बन्न सक्थ्यो भन्ने तर्क गरेका थिए । त्यस्तो कदमले पार्टीभित्र पुस्तान्तरणको सन्देश दिन सक्थ्यो, सङ्गठनमा नयाँ ऊर्जा ल्याउन सक्थ्यो र जनतामा सकारात्मक सन्देश पुग्न सक्थ्यो । तर त्यो सम्भावना व्यवहारमा परिणत हुन सकेन । एमालेको पछिल्लो अवनतिलाई केवल नेतृत्व बहसमा सीमित गरेर हेर्नु पनि पर्याप्त हुँदैन । यसको पछाडि बहुआयामिक कारणहरू पनि जिम्मेवार देखिन्छन् । एकातिर बारम्बार भएका पार्टी विभाजनहरूले सङ्गठनात्मक एकता कमजोर बनायो, अर्कोतिर लामो समयदेखि कायम रहेको सङ्गठनात्मक जटिलता र आन्तरिक लोकतन्त्रको सीमित अभ्यासले नयाँ ऊर्जा प्रवेश गर्न कठिन बनायो । त्यसमाथि विभिन्न समयमा उठेका भ्रष्टाचारका आरोप, सत्ता सञ्चालनसँग जोडिएका विवादहरू र जनअपेक्षाअनुसार परिणाम दिन नसकेको आरोपले जनविश्वासमा असर पारेको देखिन्छ । यसैबीच देशको राजनीतिक परिदृश्यमा नयाँ दल र वैकल्पिक शक्तिहरूको उदय भयो, जसले विशेषगरी परिवर्तन खोजिरहेको युवा पुस्ताको समर्थन आकर्षित गर्न सफल भए । परिणामस्वरूप, परम्परागत शक्तिको रूपमा स्थापित एमालेले आ्नो ऐतिहासिक आधार कायम राख्दै नयाँ सामाजिक-राजनीतिक वास्तविकतासँग समायोजन गर्नुपर्ने चुनौती स्पष्ट रूपमा सामना गर्नुपरेको देखिन्छ । अब आजको राजनीतिक वातावरणमा जनताको अपेक्षा निकै परिवर्तन भएको छ । युवा पुस्ताले पारदर्शिता, परिणाममुखी नेतृत्व र आधुनिक राजनीतिक सोच खोजिरहेको छ । सूचना प्रविधिको विकाससँगै नागरिकहरू राजनीतिक रूपमा बढी सचेत भएका छन् । यही कारणले नयाँ राजनीतिक शक्तिहरू उदाइरहेका छन् र पुराना दलहरूले आफ्नो कार्यशैली पुनर्विचार गर्नुपर्ने अवस्था आएको छ । आज एमालेसमेत एउटा महत्त्वपूर्ण मोडमा उभिएको छ । एकातिर यसको गौरवपूर्ण इतिहास छ, अर्कोतिर भविष्यप्रतिको चुनौती पनि छ । यदि पार्टीले अहिलेको अवस्थालाई गम्भीर रूपमा लिएर सङ्गठनात्मक सुधार, वैचारिक पुनर्संरचना, युवा नेतृत्वलाई अवसर र जनताको वास्तविक मुद्दामा केन्द्रित राजनीति गर्ने साहस देखायो भने पुनरुत्थान सम्भव छ । कम्युनिस्ट आन्दोलनको इतिहासले बारम्बार आत्मसमीक्षा र सुधार नै यसको वास्तविक शक्ति हो भनेर देखाएको छ । राजनीतिक आन्दोलनहरू कुनै एक व्यक्तिमा सीमित हुँदैनन् । व्यक्तिहरू इतिहासको एक अध्याय मात्र हुन्, आन्दोलन भने निरन्तर चलिरहने प्रक्रिया हो । केपी ओलीको योगदान इतिहासमा अङ्कित रहनेछ । माधव नेपालको उदाहरणले नेतृत्व उत्तरदायित्वको मापदण्ड देखाइसकेको छ । अब प्रश्न एमालेको भविष्यसँग जोडिएको छ । के एमालेले समयको सन्देश बुझेर आफूलाई पुन: परिभाषित गर्न सक्छ ? किनभने इतिहासको एउटा कठोर सत्य छ, समयसँग परिवर्तन हुन नसक्ने शक्ति अन्तत: कमजोर हुन्छ र राजनीतिमा पनि यही नियम लागू हुन्छ । *-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक पक्ष सबल रहनेछ। स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। | **तुला** : नयाँ बाटोहरू खुल्नेछन्। शिक्षाको क्षेत्रमा सुधार देखापर्ने छ। |
| **वृष** : नयाँ अवसरहरू मिल्नेछन्। परिवारसँग राम्रो सम्बन्ध बनाउन सकिनेछ। | **वृश्चिक** : आफन्तहरू संग कुनै कुरालाई लिएर वैरभाव बढ्न सक्छ सावधान रहनुहोस्। |
| **मिथुन** : पेशामा कामको जिम्मेवारी बढ्नेछ। आर्थिक क्षेत्रमा क्रमश: सुधार आउनेछ। | **धनु** : लोकप्रियता हासिल गर्न सकिनेछ। नयाँ मान्छेहरुसँग चिनजान हुनेछ। |
| **कर्कट** : कुनै कुरालाई लिएर मानसिक चिन्ता बढ्नेछ। आध्यात्मिक ज्ञानमा वृद्धि हुनेछ। | **मकर** : शिक्षाको क्षेत्रमा उपलब्धि प्राप्त गर्न सकिनेछ। काममा लगानी गर्दा लाभ हुनेछ। |
| **सिंह** : व्यापारमा लाभ मिल्नेछ। वैवाहिक जीवनमा सुमधुर सम्बन्ध स्थापित हुनेछ। | **कुम्भ** : परिवारजन वा साथीभाइहरूको सहयोगले कामहरू सजिलै बन्दै जानेछ। |
| **कन्या** : उमंगमा वृद्धि देखिएको छ। कार्यक्षेत्रमा अतिरिक्त जिम्मेदारी बहन गर्नुपर्ला। | **मीन** : विरोधीहरू सक्रिय रहनेछन्। धन कमाउने नयाँ बाटोहरू खुल्नेछन्। |




निबन्ध — राम ज्ञवाली

# सानोको शक्ति

ठुलो विषय वा कुरामा मात्र होइन साना कुरामा पनि असाधारण शक्ति लुकेका हुन्छन् भन्ने जोकोहीलाई थाहा हुन-नहुन सक्छ । सानो प्रयास, सानो योगदान, सानो सोच र सानो वस्तुले ल्याउने परिणाम अकल्पनीय हुन सक्छ । सानोको नतिजा व्यक्ति, वस्तु, विचार काम वा प्रकृतिमा भर पर्दछ । कसैले भन्न सक्छन् सानोतिनो वा झिनोमसिनो कुरालाई त्यति साह्रो ध्यान दिनुहुन्न तर त्यही साना कुरामा ख्याल नगर्दा त्यसका परिणाम शक्तिशाली हुन्छ । जिन्दगी जिउने सन्दर्भमा 'त्यै सानो कुरा त हो नि' भनेर बेवास्ता गर्दा कत्राकत्रा घटना-दुर्घटना घटिदिन्छन् जुन असरले व्यक्तिगत जिन्दगी, संघसंस्थारकार्यालय, समाज, राष्ट्र र अन्तर्राष्ट्रलाई समेत हलचल पारिदिन्छन् । सानो कुरामा बेवास्ता र लापर्वाही गर्ने बानीले संसारभर ठूलाठूला नोक्सानी अथवा अपूरणीय क्षति बेहोर्नु परेका तथ्य हामीमाझ नै छन् । साना कुरामा पनि महान् शक्ति हुन्छन् भन्ने उदाहरण खोज्न साना जीव, साना चिजवीज/पदार्थ, वाणी, व्यवहार लगायतका कुरा हेरे पुग्छ । शक्ति भन्ने कुरा विनाश र निर्माण दुवैखाले हुन्छन् । साना कुराका घटना, क्रियाकलापबाट विनास वा निर्माणका शक्ति देखिन्छन् । ससाना कुरा ख्याल गर्दा जीवन सार्थक हुन्छ । ससाना कुराका घटना सन्दर्भ आदिबाट समाज, राष्ट्रका परिवर्तनसमेत देखा पर्छन् । मानिसको जिब्रो कति ठूलो पो छ र ! त्यही जिब्रोबाट निस्कने तुच्छ बोलीका कारण मानिस-मानिसबीच आपसी सम्बन्ध टुट्छ, भयङ्कर शत्रुता थपिन्छ । त्यो जिब्रोले भन्दा कानहरूले धेरै मित्रहरू बनाउन सक्छ । फेरि त्यही कान जुन साना नै छन्, तिनै कानले राम्ररी नसुन्दा धोका, शत्रुता प्राप्त हुन्छ । आँखा पनि त्यति साहै ठूला त मानिन्नन् क्यारे ! आँखाले ल्याउने परिणाम सकारात्मक-नकारात्मक दुवै हुन्छन् । मानिसको अति सानो आम्दानी पनि थोपा-थोपा संग्रहको सिद्धान्तअनुसार चल्दै जाँदा राम्रो घरबार चल्न सक्छ । पैसा सानै हुन्छन् तर शक्ति भने ठूलै हुन्छ । एउटै साँचोको उदाहरण हेरौं न : एउटा कोठामा ताल्चा लागेको छ तर खोल्ने साँचो हरायो वा छैन भने त्यसको असर कोठाभित्र रहेका महत्त्वपूर्ण तथा लाखौं, करोडौं, अरबौंको सामान थुनिन्छन् जसका कारण चीजवस्तु उपयोग गर्नबाट बञ्चित भइन्छ । त्यसै गरी मान्छेका सोच्ने कुरालाई हेरौं, सानो सोचले मानिसलाई कतिसम्म गिराइदिन्छ, उन्नतिप्रगतिका बाटोबाट कति पर पुऱ्याइदिन्छ । मान्छेले लेख्ने शब्द वा वाक्यको लेखाइप्रवाहले विचारशक्ति कति खल्बलाइदिन्छ । एउटा सानो कलम जसका सहायताले ग्रन्थ नै तयार पारिदिन्छ । कलमको निब सानै हुन्छ । कलम बिनाको लेखाइ सिकाइ हुन्न । संसार परिवर्तनमा कलमको भूमिका ठूलो छ । एउटा सानो पुस्तकमा पनि जीवन बदल्ने अमूल्य ज्ञान र रहन्छन् जुन जीवन परिवर्तनका सहयोगीसमेत बन्छन् । हामीले साना मानेका बोटविरुवा, वनस्पतिहरुले जीवन र धर्तीका लागि निकै महत्त्वपूर्ण योगदान गरेका हुन्छन् । साना साना मानिने गरेका बालबालिकाका अद्भूत चमत्कार देखाउने क्षमता, निकै महत्त्वपूर्ण ज्ञान, कला, सीप भएका हुन सक्छन् । तर तिनै बालबालिकालाई हामीले साना भनेर होच्याएका पनि हुन सक्छौ । सलाइको काँटी त सानै हुन्छ जसले वन डढाउन र बस्ती सिध्याउन सक्छ । करोडौं धनमाल क्षणभरमै स्वाहा पारिदिन सक्छ । कुनै विषयका विशिष्टिकृत ज्ञान साना साना विषय सन्दर्भबाट सिकिन्छ । साना कुरा हामीलाई सरल लाग्न सक्छन् तर यिनै सरल कुराका ज्ञानबाटै जटिल जटिल लाग्ने विषयका समस्या पनि सुल्झन्छन् । प्रविधि पक्षका कुरा गरौं हामीले प्रयोग गर्ने मोबाइल, ल्यापटप, टेलिभिजन, प्रोजेक्टर लगायतका कुरा साना साना चीजबस्तुको संयोगबाट निर्माण भएका हुन् । ती साना वस्तुको तलवितल परे संसारलाई नै कोठामा पाइने कुराबाटै बञ्चित भइन्छ । एउटा सानो/तुच्छ ठानिएको मानिसले कसैको सामान्य वा खेलवाड गरेर बोलेको जोक (उपहास) मय बोलीका कारण विचित्र कार्य गरेर देखाइदिन सक्छ । जस्तै कालिदास र बाल्मीकिको जीवनप्रसंग अथवा अर्को उदाहरण महाभारत युद्धको पनि छ । द्रौपदीले "अन्धाको छोरा अन्धा नै हुन्छ" भनेर दुर्योधनलाई वचनवाण प्रहार गर्दाको विषयले महाभारत युद्ध भयो । मामुली कुरा नै युद्धको कारण बन्न पुगेको थियो । सानो कुरा बोलें भनेर तुच्छ मूल्याङ्कन गरिंदा रुखो बोली विष बन्दो रहेछ । त्यही सामान्य मानिएको बोलीले अमृतको काम गर्छ जहाँ मित्रता, सद्भाव, शान्ति कायम हुन्छ । जिन्दगीका अप्रिय/अपुरणीय क्षति गराउने घटना/दुर्घटना पनि साना लापर्वाहीले नै भएका हुन्छन् । जस्तै : सवारी दुर्घटना हेरौं, त्यहाँ सानै कारणले पनि दर्जनौको ज्यान जान्छ । एक इन्च वर वा पर सडक छाडेर हिड्दा/गुड्दाले भयानक दुर्गति निम्त्याउँछ । गाडीका साना साना पाटपुर्जाहरु कति महत्त्वपूर्ण छन् । तिनै मध्येका कुनै साना चिज नै बिग्रियो भने गाडी चल्नै बन्द हुन्छ, यात्रा गन्तव्यविहीन हुन्छ । एउटा कुनै रचना वा पुस्तक लेखनमा भएका साना साना त्रुटिले कति गम्भीर असर पार्दछन् ती कुरा लेखक साहित्यकारले भोगेकै छन् । त्यसकारण साना घटना साना चीजबीज सानो मान्छे, सानो पुस्तक आदि जस्ताको सयौं उदाहरणहरु पेश गरी तिनलाई होच्याउन व्यर्थ छ । अनन्त उदाहरण छन् सानोको शक्ति र महत्त्वका । सियो कति ठूलो पो हुन्छ र ! सियोविना लुगा सिइन्नन्, हाम्रा लाज छोपिन्नन्ह जाडो, गर्मी र धुलोमैलो पनि छेकिन्नन् । एउटा सानै काँडाले हामीलाई गाब्दा चस्स दुख्ने मात्र होइन पीडानुभूति नै गराउँछ । एउटा सानो ठानिएको लठ्ठी जसले ठूलाठूला पशुपंक्षीहरुलाई समेत ठेगानमा लगाउन सक्छ । धुलाका कणदेखि विश्व ब्रह्माण्डमा देखिने सारा साना कुराहरु पलपलमा महत्त्वपूर्ण हुन सक्छन् । ससाना गल्तीले नै जिन्दगीका महान् सपना तुहिन्छन् । ठूलो योजना, उद्देश्य वा लक्ष्यलाई बाधा पुऱ्याउने कारक तत्व सानासाना नै हुन्छन् । खोज अनुसन्धानका शीर्षक/विषय पनि सानै हुन्छन् । त्यहाँबाट ठूलाठूला तथ्य पत्ता लगाइन्छन् । वैज्ञानिक उपलब्धि वा चमत्कार सानैसानै कुराका रहस्यमय जिज्ञासाले भएका छन् । अनेक अनेक उदाहरण छन् - साना कुरामा पनि महान् शक्ति हुन्छन भन्ने कुराका प्रामाणिक विवरण यहाँ लेखिसाध्य छैनन् । अन्त्यमा सबैले बुझ्नुपर्ने कुरा यो छ कि - साना कुरा भित्रका परिणाम सामान्य नै हुन्छन् भनी बेवास्तापूर्ण तरिकाले तिनलाई आकारप्रकारमा मात्र नजाचौं । ती रहस्यमयी भित्री शक्तिले ठूला हलचल मच्चाउने सामर्थ्य राख्छन् । तसर्थ साना कुराको शक्ति बुझौं र मूल्य/गुण बुझेर उपयोगमा लागौं ।

*-समकालीन साहित्य डटकम*

कथा — आचार्य प्रभा

# पीडाभित्रको उमेर

अस्पताल परिसरमा म पैसा बुझाउने लाइनमा बसिरहेकी थिएँ । त्यहाँ निक्कै घुइँचो हुन्छ भन्ने हल्ला त सुनिएकै हो तर त्यहाँको नियम के के हो ? भन्ने कुरामा म अनभिज्ञ नै थिएँ । हाम्रो ठाउँको अस्पतालको नियम पनि बदलिरहने रहेछ । शुरुमा अलिक पछाडि टोकन लिने ठाउँमा नै उभिएकी थिएँ तर हल्ला सुनें, "वृद्धहरू उ 'पल्लो लाइनमा भनेको । यसो हेरें, त्यो लाईनमा सत्तरी कटेकाहरू हुनुपर्ने अरे आफू परिएछ बिचको उमेरको । पहिलो पटक सामना गर्नु परेको आफ्नो ठाउँको अस्पतालको चेकजाँच र नियम । जतिसुकै अरू कुरामा जान्ने हुँ भन्नेहरू पनि आफूले नजानेको र अनुभव नपाएको ठाउँ साधरण नै भए पनि, त्यहाँको नियमसँग अपरिचित भएपछि कठिन नै लाग्दो रहेछ सबैकुरा पत्तो लाउन । त्यहाँको माहौल र मान्छेहरूको अन्योलता अनि आफू पनि उही भुंग्रोमा परेको अवस्था सम्झिँदा । अँ....मैले पनि त्यस्तै समस्याको सामना गर्नुपर्ने भयो । कहिले उता बस्नू भन्छन् । कहिले उता होइन त्यता भन्छन् । बल्ल एउटालाई सोध्दा पो "तपाईंले यसरी लाइनमा बस्नु पर्दैन, तपाईंको त पैसा बुझाउनु मात्र रहेछ । पहिला नै दर्ता भई सकेको रहेछ । टोकन नम्बर पाइहाल्नु हुन्छ ।" भनेपछि आफ्नो नम्बर लिएर बिलिंग काउण्टरअगाडि गएर बसें । मेरो छेउमा एक वृद्ध महिला बसिरहनु भएको थियो । अन्जान, अनपढ त्यो सब नियमदेखि बेखबर । एक्लै चुपचाप बसिरहेको देखेर मैले सोधें,-"तपाईं के जचाउन आउनुभाको ? कोसँग आउनुभो ?" उनले निन्याउरो मुख लाएर "एक्लै" भनिन् । त्यो पनि टाढा एक/डेढ घण्टाको बाटो हिँडेर आएकी अरे ! त्यही टोकन नम्बरको चिट् देखाउँदै ती वृद्धाले भनिन्, "यी यो टिकट दिएको छ । खै ! कहाँ के गर्नुपर्ने थाहा छैन ।" नम्बर पनि १७६ जना पछि आउने रहेछ । मैले "अरू कागजपत्र खोई त ?" भनेर सोध्दा केही छैन ।" भन्ने जवाफ आयो । हामी दुईबिचको वार्तालाप सुनिरहेकी महिलाले भनिन्, "तपाईं त वृद्धमा गनिनुहुन्छ । यसरी यहाँ कुरिरहनु पर्दैन । अर्को नम्बर माग्नुहोस् । तपाईंको त दर्ता गर्न नै बाँकी रहेछ ।" भनेर ती महिलाले सुझाइन् । अनि मैले पनि भनें, "यो त पैसा तिर्ने ठाउँ हो । तपाई दर्ताफाँट अगाडि बस्नुहोस् । दर्ता भएर डाक्टरलाई आफ्नो रोगबारे भनेपछि केके टेस्ट गर्ने भनेर लेखिदिनुहुन्छ अनि मात्र पैसा तिर्नुपर्छ ।" त्यति सम्झाएपछि तिनी अर्को टोकन नम्बर लिएर दर्ताफाँटअगाडि बसिन् । त्यति भएपछि अलि ढुक्क लाग्यो तर भरेसम्म पनि के भयो होला, के कसो गरिन् भन्ने पीर रहिरह्यो मनमा । अलिक एक छिनमा फेरि अर्की उस्तै वृद्ध देखिने महिला आएर त्यही ठाउँमा बसिन् । मैले सोधेँ, तपाईं के देखाउन आउनु भाङ्को ?" भनेर । उनले अझ रून्चे स्वर पार्दै भनिन् । "थाइराइडले साह्रो पारेर देखाउन आकी ।" मैले फेरि सोधें, "एक्लै आउनु भाङ्को ?" "कसले साथ दिन्छ र ? छोराहरू कता कता !" त्यती भनिसक्दा नसक्दा अर्की महिला आएर फेरि तिनलाई भनिन्, "तपाईं त वृद्धहरूको लाइनमा गएर बस्नू न ! छिटो पालो आउँछ ।" मैले पनि सही थपें । "हो त ! जानुहोस् ।" तिनले इमानदारीसाथ भनिन्, "होइन म यहीं बस्छु । त्यहाँ बस्ने मेरो उमेर भाङ्कै छैन ।" मैले अचम्म मान्दै भनें, "अनि ७० कटेकाहरूले छिटो पालो पाउँछन् अरे नि ! जानू त्यहीं गएर बस्नू ।" "अनि म त सत्तरी पुगेकै छुइनँ भर्खर साठी कट्दैछु ", भनिन् । म छक्क परें । हेर्दा सत्तरी, पचहत्तर देखिने ती महिला सत्तरी पनि पुगेकी छुइनँ भनेर इमान्दार भइ पालो कुरेरै बसेको देख्दा । मलाई मनमा कता कता नमिठो लाग्यो र भनें "तपाईं त हेर्दा निक्कै वृद्ध देखिनुहुन्छ । साठी मात्र पुग्दैछु भन्नुहुन्छ तर किन यति चाँडो बुढी देखिनुभयो ? म सँगैको हुनुहुँदो रहेछ । मलाई पनि मेरो सही उमेर भन्दा पत्याउँदैनन् तर मलाई त अझ कम उमेरकी भन्छन् ।" मेरो कुरा सुनेर तिनले भक्कानिँदै भनिन् । "के गर्नु बहिनी ! मनको पीर पखालेर नजाँदो रहेछ । धुँदा जाने भए, पैसा तिर्दा कसैले लिने भए म त्यसै गर्थें ।" तिनको कुरा सुनेर मैले सहजै भनें, "हत् ! पीर लिनु हुँदैन । पीर जति लियो उति दुःख पाइन्छ । कस्तो पिर हो त मान्छेको उमेरै नपुगी देखाउने ?"मलाई आश्चर्य लाग्यो । पक्का बाहुनी देखिने जसको घरमा जाँडरक्सी चल्दैन । त्यति वृद्ध भएकी स्वास्नीको श्रीमान पनि वृद्ध नै होला । बाहिरी रंगरलिया मनाउँदै, मादक पदार्थ खाएर श्रीमतीलाई पीडा दिने पनि पक्कै होइन होला ! मैले फेरि सोधेँ, "केको पिर हो त ! कि रक्सी खाएर कुट्छन् ? भन्न मिल्छ ?" तिनले भनिन्, "पिर त बुढाकै हो । मलाई टर्चर दिन्छन् रातदिन ।"अनि जाँडरक्सी पनि खाँदैनन् भने किन टर्चर दिनु त ? केका लागि दुःख दिनु त ?" भनेर केर्दा, "मैले पेवापात गरेको सबै उसैलाई दिनु भन्छन् । नदिँदा टर्चर गर्छन् । " मैले यो कुरा पुरै पत्याइनँ । मलाई लाग्यो तिनका श्रीमान पक्कै जँड्याहा होलान् ।

जाँड खानलाई पैसा माग्दो हो । नदिँदा रँडाको मच्चाउँदो हो वा अरू केही कारण हुनुपर्छ । आज म लैङ्गिक हिंसाविरूद्धको कार्यक्रममा छु । लैंगिक हिंसाविरूद्ध महिला पुरुषहरू सबैले आ-आफ्ना विचार प्रस्तुत गरिरहेका छन् चर्को चर्को आवाजमा । म सोचिरहेछु - मेरै केही आफन्त, साथीहरू जो धनाढ्य र शिक्षित पनि छन् । श्रीमान् श्रीमती दुवैको नाम छ, शान छ । उनीहरू बाहिरी दुनियाँमा ठिक छन् तर भित्री रूपमा भने पीडित छन् श्रीमानको बाहिरी संसर्ग र सम्बन्धको कारणले । म सोच्ने गर्छु, हामी नारीहरूले आफ्नो श्रीमान र परिवारबाट जति पनि पीडा भोग्छौं नि, केवल आफ्नो श्रीमान घर परिवारको इज्जतका लागि नै हुन्छ । समाजमा परिवारको जुन इज्जत, मान, सम्मान छ त्यसमा कलंक नलागोस् भनेर मात्र । साँच्चै भन्ने हो भने गाउँघरका अनपढ, अशिक्षित परिवारका महिलाहरूले भन्दा पढेलेखेका शिक्षित र सम्पन्न परिवारका महिलाहरूले नै ज्यादा पीडा भोग्न बाध्य हुन्छन् । त्यसो हुनुको मुख्य कारण घर परिवार र आफ्नो पारिवारिक साख जोगाउनलाई पनि पीडाको आँसु पिउँदै कतिपय नारीहरूले अपमान र अन्याय सहन विवश छन् । म यसरी सोचमग्न बन्न पुगेछु कि कार्यक्रम समाप्त भएको घोषणाको आवाजले मात्र झस्किएँ र बाहिरिएँ ।

*-साहित्यपोस्ट डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**अनुरोधक**
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा

## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८२/१२/४*

उपरोक्त सम्बन्धमा यस विद्यालयको बि.व्य.स.को मितिः २०८२/११/२७ गते बसेको बैठकको निर्णय तथा माथागढी गाउँपालिकाको मितिः-२०८२/११/२८ को च.नं.१२१८ को सिफारीस पत्र र शिक्षा तथा समन्वय इकाई पाल्पाको मितिः-२०८२/१२/०४ को च.नं. ८९६ को अनुमति पत्रानुसार तपशिल अनुसारको शिक्षकको अस्थायी करार नियूक्तिको लागि योग्यता पुगेका इच्छुक उम्मेदबारबाट देहाएको विज्ञापनको लागि दरखास्त आह्वान गरिन्छ।

**तपशिलः-**
**विज्ञापन नं.:** ०१/०८२/०८३
**तहः** प्रा.वि. (तृतिय)
**पदः** करार शिक्षक (एक जना)
**उमेरः** १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको
**शैक्षिक योग्यताः** आई.एड. वा सो सरह
**दरखास्त दिने अन्तिम मितिः** २०८२/१२/०४ देखि २०८२/१२/१८ गते कार्यालय समयसम्म ।
**सम्पर्क मितिः**-२०८२/१२/१८ गते कार्यालय समय भित्र
**पेश गर्नु पर्ने कागजातहरुः** नागरिकता, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी र निरोगिताको प्रमाण पत्रको प्रतिलिपी २/२ प्रति
**तलब स्केलः** नेपाल सरकारले तोके बमोजिम
**दरखास्त दस्तुरः** रु. १०००/-
**परीक्षाको किसिमः** लिखित तथा अर्न्तवार्ता
**परीक्षा हुने मिति र स्थान** : सम्पर्क मितिमा तोकिने छ
परीक्षाको दिन सक्कल प्रमाण पत्र उपलब्ध गराउनु पर्ने छ
**सम्पर्कः** ९८६७१३८२६८, ९७६९८१८२२१
*नोट : अनुभवी शिक्षकलाई विशेष प्राथमिकता दिइने छ ।*

**श्री महेन्द्र नरेश प्राथमिक विद्यालय**
माथागढी-७, रहवास, ठाडे, पाल्पा

## शिक्षक आवश्यकता

*प्रकाशित मितिः २०८२/१२/०४*

उपरोक्त सम्बन्धमा यस विद्यालयको वि.व्य.स.को मितिः २०८२/१०/२९ गते बिहीबारका दिन बसेको बैठकको निर्णय तथा माथागढी गाउँपालिकाको मितिः २०८२/१२/०२ को च.नं.१२४७ को सिफारीस पत्र र शिक्षा तथा समन्वय इकाई पाल्पाको मितिः २०८२/१२/०४ को च.नं.८९७ को अनुमति पत्रानुसार तपशिल अनुसारको शिक्षकको अस्थायी करार नियूक्तिको लागि योग्यता पुगेका इच्छुक उम्मेदबारबाट देहाएको विज्ञापनको लागि दरखास्त आह्वान गरिन्छ ।

**तपशिलः-**
**विज्ञापन नं.:** ०१/०८२/०८३
**तहः** प्रा.वि. (तृतिय)
**पदः** करार शिक्षक (एक जना)
**उमेरः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
**शैक्षिक योग्यताः** आई.एड. वा सो सरह
**दरखास्त दिने अन्तिम मितिः** २०८२/१२/०४ देखि २०८२/१२/१८ गते कार्यालय समयसम्म
**सम्पर्क मितिः**-२०८२/१२/१८ गते कार्यालय समय भित्र
**पेश गर्नु पर्ने कागजातहरुः** नागरिकता, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी र निरोगिताको प्रमाण पत्रको प्रतिलिपी २/२ प्रति
**तलब स्केलः** नेपाल सरकारले तोके बमोजिम
**दरखास्त दस्तुरः** रु. १०००/-
**परीक्षाको किसिमः** लिखित तथा अर्न्तवार्ता
**परीक्षा हुने मिति र स्थानः** सम्पर्क मितिमा तोकिने छ
परीक्षाको दिन सक्कल प्रमाण पत्र उपलब्ध गराउनु पर्ने छ ।
**सम्पर्कः** ९८५७०६२६१८,९८४७०६९०९८

**श्री रत्न प्राथमिक विद्यालय**
माथागढी-४, ज्यामिरे, पाल्पा

## ३५ दिने सार्वजनिक सूचना

*(सूचना प्रकाशित मितिः२०८२/१२/०४)*

श्री धनराज कुवँरको नातिनि बल बहादुर कुवँरको छोरी, हिमलाल कुवँरको पत्नि, गुल्मी जिल्ला,सत्यवती गाउँपालिका,वडा नं.१ साविक अस्लेवा गा.वि.स. वडा नं. ०६, बस्ने भुमिकला कुवँरको मिति२०८२/१०/१६ गतेको दिनमा मृत्यु भएकोले निजको नाममा यस कुमारी बैंक लि.रिडीमा रहेको खाता नं.०४५००४१२४४८००००१, मा रहेको मौज्दात रकम भुक्तानी पाँउ भनी निज खातावालाको पति हिमलाल कुवँरले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदकबाहेक अन्य कसैको हकदावीभए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्रआफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखाकार्यालय रिडी वा प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्तउपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनामार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

**कुमारी बैंक लिमिटेड**
रिडी, गुल्मी, फोन नं. : ०७९-४०००९८

# लुम्बिनी प्राविधिक विश्वविद्यालयले पायो स्थायी संरचना




**राँझा (बाँके),** चैत ४/नेपालगञ्जबाट सञ्चालन हुँदै आएको लुम्बिनी प्राविधिक विश्वविद्यालयको केन्द्रीय कार्यालय अब बाँकेको खजुराबाटै सञ्चालन हुने भएको छ ।

स्थापना भएको झण्डै पाँच वर्षपछि खजुरा गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको १० कठ्ठा जग्गासहितको भवन विश्वविद्यालयलाई हस्तान्तरण गरेपछि अब विश्वविद्यालयको प्रशासनिक कामकाज खजुराबाट सञ्चालन हुने भएको हो । खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर विकले विश्वविद्यालयका उपकुलपति प्रा. डा. विनोद ढकाललाई भवन र जग्गाको स्वामित्वसम्बन्धी कागजात हस्तान्तरण गरे । गाउँपालिका अध्यक्ष विकले खजुरालाई शैक्षिक र स्वास्थ्यको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको बताए । दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी देशको समृद्धिमा यो विश्वविद्यालय कोशेढुङ्गा सावित हुने उनले विश्वास व्यक्त गरे । "खजुरामा क्यान्सर अस्पताल र कृषि क्याम्पस जस्ता प्रतिष्ठित संस्थालाई स्थानीयले जसरी अपनत्व दिएका छन् । यो विश्वविद्यालयले त्यस्तै माया र साथ पाउनेछ", उनले भने, "विश्वविद्यालयलाई आवश्यक सहयोग र समन्वयका लागि गाउँपालिका सधैँ तत्पर रहेको छ ।" उपकुलपति प्रा. डा. विनोद ढकालले अब छिट्टै खजुराबाटै विश्वविद्यालयका प्रशासनिक र प्राज्ञिक गतिविधि अगाडि बढ्ने जानकारी दिए । "भवनको आवश्यक मर्मत सम्भार गरी लगत्तै केन्द्रीय कार्यालय सञ्चालन गर्नेछौँ", उनले भने, "पचास बिघा जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुगेको छ, जग्गा प्राप्त हुनासाथ भौतिक पूर्वाधार निर्माणको कामले गति लिने छ ।" विश्वविद्यालयका रजिष्टार रेगबहादुर भण्डारीले जग्गा प्राप्तिको कानुनी अल्झनका कारण प्रदेश सरकारले विनियोजन गरेको बजेट बर्सेनि फ्रिज हुने गरेको बताए । सुरुमा ९४ बिघा जग्गाको प्रस्ताव गरिए पनि हाल ५० बिघामा झारिएको र सो फाइल सैंय मन्त्रिपरिषद्मा निर्णयको पर्खाइमा रहेको उनले बताए । प्रदेश सरकारले २०७८ सालमा 'विश्वविद्यालय ऐन' जारी गरी यसलाई कानुनी रूपमा स्थापित गरेको थियो । खजुरामा भवन प्राप्त भएसँगै अब विश्वविद्यालयको स्थायी उपस्थितिको सुनिश्चितता भएको छ । हाल यो विश्वविद्यालयले नेपालगञ्जमा अस्थायी मुकाम बनाएर प्राविधिक, सूचना प्रविधि र इञ्जिनियरिङका कक्षा सञ्चालन गरिरहेको छ । ***---रासस***

## खेलकुद समाचार

### एएफसी एशियन कप छनोटमा नेपाललाई तीन अङ्क



**काठमाडौं,** चैत ४/एशियन फुटबल कन्फेडेरेसन (एएफसी)ले नेपाललाई तीन अङ्क दिएको छ । एएफसी डिसिप्लिनरी तथा इथिक्स कोडले मलेसिया फुटबल संघलाई अयोग्य खेलाडी खेलाएको ठहर गर्दै कारबाही गरेको हो । एएफसी एसियन कप सन् २०२७ छनोटअन्तर्गत नेपाल र भियतनामसँगको खेलमा मलेसियाले नियम उल्लङ्घन भएको निष्कर्ष निकालेको छ । अब दुवै खेलमा नेपाल र भियतनामले ३-० को प्राविधिक जीत पाउने भएका छन् । यसअघि मलेसियाले नेपाललाई २-० र भियतनामलाई ४-० ले हराएको थियो । तर नयाँ निर्णयसँगै समूहको समीकरण नै फेरिएको छ । यो निर्णयपछि नेपाल राष्ट्रिय फुटबल टोलीले पाँच खेलबाट पहिलो जीतसहित तीन अङ्क जोडेको छ । समूह एफमा नेपालको अङ्कतालिकामा सुधार आएको छ । यस्तै, इथिक्स कमिटीले मलेसियालाई ५० हजार अमेरिकी डलर जरिवाना पनि गरेको छ ।

## अर्थ/कर्पोरेट समाचार

### बैंकहरुले चैतमा पनि घटाए निक्षेपको ब्याजदर




**पाल्पा,** चैत ४/वाणिज्य बैंकहरुले चैत महिनामा पनि मुद्दती निक्षेपको ब्याजदर घटाएका छन् । बैंकले सार्वजनिक गरेको विवरण अनुसार व्यक्तिगत मुद्दती निक्षेपको औसत अधिकतम ब्याजदर फागुनको तुलनामा घटाएका हुन् ।

अघिल्लो महिना ४ दशमलव ५६ प्रतिशत रहेकोमा चैत महिनाका लागि घटेर ४ दशमलव ४९ प्रतिशतमा झरेको छ । समग्रमा व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर ० दशमलव ०७ प्रतिशत बिन्दुले घटेको हो । यस्तै संस्थागत मुद्दती निक्षेपतर्फ पनि औसत अधिकतम ब्याजदरमा गिरावट आएको छ । फागुनमा ३ दशमलव ३३ प्रतिशत रहेको यस्तो ब्याजदर चैतमा घटेर ३ दशमलव २९ प्रतिशत कायम भएको छ । यसरी संस्थागत निक्षेपमा औसत ब्याजदर ० दशमलव ०३ प्रतिशत विन्दुले घटेको छ । हाल सञ्चालनमा रहेका २० वाणिज्य बैंक मध्ये छ बैंकले चैत महिनाका लागि ब्याजदर घटाएका छन् भने १४ बैंकले भने अघिल्लो महिनाकै दरलाई निरन्तरता दिएका छन् । सबैभन्दा बढी ब्याजदर घटाउने बैंक नेपाल बैंक लिमिटेड रहेको छ । सो बैंकले व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर ० दशमलव ६ प्रतिशत विन्दुले घटाएको हो । यसबाहेक स्ट्यान्डर्ड चार्टर्ड, कुमारी बैंक, कृषि विकास बैंक, प्राइम कमर्सियल बैंक र ग्लोबल आइएमई बैंकले पनि चैत महिनाका लागि ब्याजदर घटाएका छन् । बैंकिङ प्रणालीमा तरलता बढ्दै जाँदा पछिल्ला महिनामा निक्षेपको ब्याजदर क्रमश: घट्दै गएको छ ।

# पाल्पामा डेंगी...

...कार्यक्रममा स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुक प्रसाद पोखरेलले सरुवा रोग नियन्त्रणका लागि सचेतना, सावधानी र समुदायस्तरमा जागरण अत्यन्त महत्वपूर्ण रहेको बताए । घर वरपर पानी जम्न नदिने, लामखुट्टेको बासस्थान नष्ट गर्ने, विस्तरामा झुलको प्रयोग गर्ने तथा सरसफाइमा ध्यान दिने जस्ता उपाय अपनाएर लामखुट्टेको टोकाईबाट लाग्ने रोग नियन्त्रण गर्न सकिने निमित्त प्रमुख पोखरेलले बताए । लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयले सञ्चालन गरिरहेको नसर्ने रोगहरूको स्क्रिनिङ कार्यक्रमबारे समेत जानकारी गराउँदै उनले नागरिकलाई नियमित रुपमा ४ प्रकारका सुगर, ब्लड प्रेसर, उचाई तथा तौल परिक्षण गराएमा नसर्ने रोग लाग्नबाट बच्न सकिने बताए । निमित्त प्रमुख पोखरेलले कार्यालयले पाल्पाबाट मात्र २६ हजार व्यक्तिमा नसर्ने ४ प्रकारका चेकजाँच गरिएको जानकारी दिए । कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले सञ्चार माध्यमबाट गाउँ-गाउँ बस्ती-बस्ती, टोल-टोल, व्यक्ति-व्यक्तिमा सूचना प्रवाह गर्दै लामखुट्टेको टोकाईबाट लाग्ने रोग नियन्त्रणमा सघाउ पुग्ने भएकाले त्यसतर्फ कार्यालयले ध्यान दिनुपर्ने बताए । नसर्ने रोगको प्रारम्भिक चरणमै पहिचान र व्यवस्थापन गर्न सकिएमा दीर्घकालीन स्वास्थ्य जोखिम घटाउन सकिने उनको भनाई छ । कार्यक्रममा सरोकारा निकाय, खानेपानी तथा सरसफाई कार्यालय, जिल्ला प्रहरी कार्यालय, शसस्त्र प्रहरी बल, जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय ईकाई, पत्रकारहरुको सहभागिता रहेको थियो । सहभागीहरूले रोग नियन्त्रणका लागि समन्वयात्मक पहल आवश्यक रहेकोमा जोड दिएका थिए । स्वास्थ्य कार्यालयले आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै समुदायमा आधारित रोकथाम र नियन्त्रण अभियानलाई अझ प्रभावकारी बनाउने जनाएको छ । कार्यालयका निमित्त प्रमुख टुक प्रसाद पोखरेलको अध्यक्षता, जनस्वास्थ्य अधिकृत होमनाथ आलेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## जिल्ला अदालत पाल्पाबाट जारी भएको २१ दिने सूचना

श्री पाल्पा जिल्ला अदालतबाट जारी भएको जिल्ला स्याङ्जा साविक रापाकोट गा.वि.स. वडा नं ५ को हाल परिवर्तित अर्जुनचौपारी गाउँपालिका वडा नं. ३ रापाकोट स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला देवदह नगरपालिका वडा नं ७ देवदह मिलनचोक खैरेनी बस्ने महादत्त शर्मा गौडेलको छोरा वर्ष ४१ को विष्णु शर्मा गौडेलका नाउँको ईतलायनामा म्याद:-

बादी नुमकला गैहे गौडेल र प्रतिवादी विष्णु शर्मा गौडेल भएको मुद्दा नं: ०८१-CP-०१८६ को सम्बन्धविच्छेद मुद्दामा तपाईका नाउँमा जारी भएको सुरु म्याद पटक पटक वेपत्ते तामेल भई आएकोले यस अदालतबाट मिति २०८२/०८/१५ गते तपाईको नाउँमा पुन: राष्ट्रिय दैनिक पत्रिकामा ईतलायनामा म्याद जारी गर्ने भन्ने आदेश भएकोले मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा ११४ बमोजिम यो म्याद सुचना प्रकाशित गरिएको छ । यो म्याद सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काईस) दिन भित्र भए सबुत प्रमाण समेत लिई अदालत खुलेको समयमा तपाई स्वयं आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी वा कानून व्यवसायीमार्फत प्रतिउतरपत्र साथ यस अदालतमा हाजिर हुन आउनुहोला । म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ ।

*ईति संवत् २०८२ साल पौष ४ गते रोज ६ मा शुभम...।*

# हार्दिक समवेदना

**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।**
**इन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो ।।**



जन्म २००७/०५/१० मृत्यु २०८२/११/२८

**स्व. 'प्रभु' गोविन्द भक्त पौड्याल (खत्री)**

हाम्रा शुभेच्छुकहरु कमल खत्री, मनबहादुर खत्री, गंगाबहादुर खत्री, बसन्त खत्री, मिना टण्डन, गोमा कार्की, शिव थापा, ईश्वरा गौतम केसीका पूजनीय पिता, कृष्ण टण्डन, केशव कार्की, मदन थापा, कमल गौतम केसी, मिना खत्री, सिता खत्री, शर्मीला खत्री, सुजना खत्रीका ससुरा बुवा, अर्जुन, समर्पण, संरक्षण, श्रीकृष्ण, गरिमा, कास्वी खत्रीका हजुरबुवा तथा प्रेम कुमारी खत्रीका पूजनीय पति 'प्रभु' गोविन्द भक्त पौड्याल खत्रीको मिति २०८२/११/२८ गतेका दिन ७६ वर्षको उमेरमा भएको दु:खद् निधनले हामी अत्यन्तै मर्माहित एवम् स्तब्ध भएका छौं । यस दु:खद् घडीमा दिवंगत आत्माको चिर शान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनि गहिरो समवेदना प्रकट गर्दछौं ।

| जगदीशप्रसाद भट्टराई | | रामचन्द्र रायमाझी |
|---|---|---|
| अध्यक्ष | एवम् | सम्पादक |

**कैलाशनगर मिडिया प्रा.लि.**

नव जनचेतना परिवार

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारिक वेबसाईट

शितलपाटी.कम

www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई